# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४५) काठमाडौं, भदौ १४ गते २०५२ साल (अतिरिक्ताङ्क २१

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

श्री ५ महाराजाधिराजका हजूरमा प्रधानमन्त्री मार्फत सूचना तथा संचार र जलस्रोत मन्त्री श्री प्रदीप नेपालले २०५२ साल भाद्र १३ गते आफ्नो पदबाट चढाउनु भएको राजीनामा मौसूफबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम स्वीकृत गरिबक्सेको छ ।

### सूचना २

श्री ५ महाराजाधिराजका हजूरमा प्रधानमन्त्री मार्फत सामान्य प्रशासन, स्थानीय विकास र कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्री श्री सुवाशचन्द्र नेम्वाङ्ले २०५२ साल भाद्र १३ गते आफ्नो पदबाट चढाउनु भएको राजीनामा मौसूफबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम स्वीकृत गरिबक्सेको छ ।

### सूचना ३

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम प्रधानमन्त्रीको सिफारिशमा श्री प्रदीप नेपाललाई मन्त्री पदमा नियुक्त गरिबक्सी सूचना तथा संचार र जलस्रोत मन्त्रालयहरूको कार्यभार सम्हाल्ने गरी तोकिबक्सेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ४

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम प्रधानमन्त्रीको सिफारिशमा श्री सुवाशचन्द्र नेम्वाङलाई मन्त्री पदमा नियुक्त गरिबक्सी सामान्य प्रशासन, स्थानीय विकास र कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयहरू-को कार्यभार सम्हाल्ने गरी तोकिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

३९२